बैठक संख्या – ५८

आज मिति २०८३ साल असार ९ गते मंगलबार यस मिक्लाजुङ गाउँपालिका, मोरङका अध्यक्ष श्री बबि कुमार राईज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको सभाकक्षमा बैठक बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिती

क.सं	पद	पदाधिकारीको नामथर	हस्ताक्षर
१.	गाउँपालिका अध्यक्ष	श्री बबि कुमार राई	
२.	गाउँपालिका उपाध्यक्ष	श्री दिनेश पौडेल	
३.	वडा अध्यक्ष वडा नं १	श्री पर्वत राई	
४.	वडा अध्यक्ष वडा नं २	श्री बल बहादुर श्रेष्ठ	
५.	वडा अध्यक्ष वडा नं ३	श्री सन्तोष कुमार मगर	
६.	वडा अध्यक्ष वडा नं ४	श्री विसाल राई	
७.	वडा अध्यक्ष वडा नं ५	श्री मेघनाथ तामाङ	
८.	वडा अध्यक्ष वडा नं ६	श्री खडी बहादुर मगर	
९.	वडा अध्यक्ष वडा नं ७	श्री सुशिल राज चौहान	
१०.	वडा अध्यक्ष वडा नं ८	श्री पूर्ण बहादुर कुवर	
११.	वडा अध्यक्ष वडा नं ९	श्री सेमन्त राज दाहाल	
१२.	कार्यपालिका सदस्य	श्री मखे कुमारी लिम्बु	
१३.	कार्यपालिका सदस्य	श्री मेनुका श्रेष्ठ	
१४.	कार्यपालिका सदस्य	श्री उषा राई	
१५.	कार्यपालिका सदस्य	श्री मातृका देवी दर्जी	
१६.	कार्यपालिका सदस्य	श्री इन्दिरा दर्जी	
१७.	कार्यपालिका सदस्य	श्री मान बहादुर राई	
१८.	प्रमुख प्रशासकीय अधिकृत (सचिव)	श्री तेजिन्द्र गौतम	
अन्य उपस्थिती			
१.	शिक्षा अधिकृत आठौं	श्री काशिनाथ खनाल	
२.	अधिकृत आठौं	श्री दिपक रोका क्षेत्री	
३.	लेखा अधिकृत सातौं	श्री शालीग्राम दाहाल	
४.	अधिकृत छैटौं	श्री रमेश पोखेल	
५.	सु.प्र.अ.	श्री हिमाल घिमिरे	
६.			
७.			

प्रस्ताव तथा निर्णयहरु:

क.सं	प्रस्तावहरु	निर्णयहरु
१.	आ.व.२०८३।०८४ को वार्षिक नीति कार्यक्रम स्वीकृत सम्बन्धमा,	आ.व.२०८३।०८४ को वार्षिक नीति कार्यक्रम सुशासन तथा संस्थागत विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, राजश्व परामर्श लगायतका समितिबाट पेश भएका प्रतिवेदन बमोजिमको समावेश गरी अनुसूची १ श्रम रोजगार नीति समेत छलफल तथा आवश्यक संशोधन गरी सर्वसम्मतले स्वीकृत गरीयो । र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
२.	आ.व.२०८३।०८४ को आर्थिक विधेयक स्वीकृत सम्बन्धमा,	आ.व.२०८३।०८४ को आर्थिक विधेयक राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेदन बमोजिमको अनुसूची २ छलफल तथा आवश्यक संशोधन गरी सर्वसम्मतले स्वीकृत गरीयो । र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
३.	आ.व. २०८३।०८४ को विनियोजन विधेयक र वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत सम्बन्धमा,	आ.व.२०८३।०८४ को विनियोजन विधेयक सुशासन तथा संस्थागत विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, राजश्व परामर्श लगायतका समितिबाट पेश भएको प्रतिवेदनलाई समावेश गरी अनुसूची ३ र वार्षिक बजेट तथा कार्यक्रम अनुसूची ४ छलफल तथा आवश्यक संशोधन गरी सर्वसम्मतले स्वीकृत गरीयो । र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
४.	विविध सम्बन्धमा ।	
क.	अध्ययन विदा स्वीकृत सम्बन्धमा	१. यस मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मोरङमा इन्जिनियरिङ सेवा, सिभिल समूह, सव इन्जिनियर पद पाचौं तहमा कार्यरत श्री रमा पौडेल (क.सं.नं २४१२४४) ले मिति २०८३।०३।०९ मा पेश गरेको निवेदन अनुसार निजले आफ्नो शैक्षिक योग्यता अभिवृद्धि गर्ने उद्धेश्यले फिनल्याण्ड स्थित 'Metropolia University of Applied Sciences' मा Bachelor of Engineering, Construction Information Technology' विषयमा अध्ययनका लागि भर्ना लिई अध्ययन गर्न जान कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १२० (५) बमोजिम वेतलवी अध्ययन विदा दिन सकिने व्यवस्था रहेको र सोही ऐनको दफा १२४ बमोजिम मिति २०८३।०५।०१ गते देखि २०८७ श्रावण मसान्त सम्मको लागि वेतलवी अध्ययन विदा सर्वसम्मतले स्वीकृत गरियो ।
ख.	जिपलाईन संचालन सहमती दिने सम्बन्धमा	रमिते एड्भेन्चर्स एण्ड टुरिजम मिक्लाजुङ गाउँपालिका वडा नं १ वाट यस कार्यालयमा पेश गरेको निवेदन र निवेदनको साथमा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंको दर्ता नं ३८५९५०/८२/८३ भएको कम्पनी दर्ता प्रमाण पत्र र आन्तरिक राजश्व कार्यालयवाट जारी भएको स्थायी लेखा नं प्रमाण पत्र साथै स्वीकृत विधान समेत पेश गरी जिपलाईन संचालनको लागि इजाजत माग भएको हुँदा सो सम्बन्धमा जिपलाईन संचालन अनुमतिको लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं सिफारिस गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।
ग.	मदन भण्डारी राजमार्गको अस्थायी क्रसर प्लान्ट	मदन भण्डारी राजमार्ग आयोजनाले पेश गरेको अस्थायी क्रसर प्लान्टको TOR सर्वसम्मतले स्वीकृत गरियो ।

क.सं	प्रस्तावहरु	निर्णयहरु
	सम्वन्धी TOR स्वीकृत सम्वन्धमा ।	
घ.	स्टक प्रमाणितको लागि सूचना आहान सम्वन्धमा	मिक्लाजुङ गाउँपालिकाको विभिन्न ठाउँमा रहेको नदीजन्य पदार्थको स्टक प्रमाणितको लागि सार्वजनिक सूचना आहान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।
ङ	अनुगमन प्रतिवेदन अनुमोदन सम्वन्धमा	यस गाउँपालिकाका आ.व.२०८२।०८३ का विभिन्न आयोजना तथा परियोजनाहरुको अनुगमन समितिले हाल सम्म पेश गरेका अनुगमन प्रतिवेदन सर्वसम्मतले अनुमोदन गरियो ।
च.	करारोपण सम्वन्धमा	यस मिक्लाजुङ गाउँपालिकाले आफ्नो क्षेत्र बाहिर कुनै किसिमको करारोपण नगरेको र आगामी दिनमा समेत नगर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।